बैठक संख्याः १६

मितिः २०७९ फागुन ०९ गते
समयः विहान ८ वजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | | | |

~~अन्य उपस्थिति~~
आमन्त्रीत

१) दिपक कुमार श्रेष्ठ चौबिसे गा.पा. १ [signature]
२) पर्वत राई मिक्लाजुङ -१, वडाध्यक्ष [signature]
३. हिरा राई ,, -१ [signature]
४ नरेन्द्र कुमार श्रेष्ठ चौबिसे -१ का.वा. कुस्वरोल [signature]
५. दल बहादुर श्रेष्ठ ,, -१ ,, [signature]
६. रमेश श्रेष्ठ RCIP [signature]
७ माधिराम दाहाल ,, समाजशास्त्रि [signature]

अन्य उपस्थिती:-
श्री. रवि सुवेदी [signature]
श्री. परहलाद खड्का
श्री विन्कल वि.क. कार्यालय सहयोगी [signature]

छलफलका विषय तथा निर्णय(मितिः२०७९।११।०९)

| सि.नं. | विषय | निर्णय |
|---|---|---|
| १ | आयोजना परिवर्तन गर्न माग गर्ने सम्बन्धमा। | ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना समन्वय एकाई, पुल्चोक ललितपुरबाट कानेपोखरी-लेटाङ-६ नं. बुधबारे दुरदिम्बा (Kanepokhari-Letang-6 no Budhabare Durdimba Road) सडक कालोपत्रे स्ततरमा स्तरोन्नती गर्ने स्वीकृत कार्यक्रम रहेकोमा उक्त सडक पूर्वाधार विकास कार्यालय प्रदेश नं. १ ले बोलपत्र आह्वान गरी प्राविधिक मूल्याङ्कन समेत गरिसकेको जानकारी प्राप्त भएकोले उक्त आयोजनाको सट्टामा लेटाङ नगरपालिका वडा नं. ३,४,५,६,७ र धनकुटा जिल्लाको चौविसे गाउँपालिका वडा नं. १ जोड्ने गुवावारी-भुवाखोला-बाराजी मन्दिर-गुँरासे डाँडा करिव २३+६०० कि. मि. सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) गरी निर्माण कार्य अगाडि बढाउन ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना समन्वय एकाई, पुल्चोक ललितपुरसँग अनुरोध गर्ने। |
| २ | मदन भण्डारी राजमार्ग सम्बन्धमा | मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय चाकुपाट, ललितपुरको च.नं. २० मिति २०७६।०४।२० को प्राप्त पत्रानुसार मदन भण्डारी राजमार्ग सुधार गर्ने क्रममा मोटामोटी औसत १७/१८ मिटर चौडाई सडक संरचना (Roadway, Side Slope, Drain, Structure आदि) ले ओगट्ने तथा सडक सुधारको क्रममा ती संरचनाहरुमा पर्न जाने घरटहराहरुको क्षतिपूर्तिको व्यवस्था रहेपनि जग्गाको लागि मुआब्जा/क्षतिपूर्ति दिन नसकिने र जग्गा प्राप्ति/उपलब्धताको सुनिश्चितता नभइ बोलपत्र आह्वान गर्न नमिल्ने हुँदा सडक सुधारका लागि आवश्यक पर्ने जग्गा, विना मुआब्जा/क्षतिपूर्ति उपलब्धताको सुनिश्चितता गरिदिनुहुन भनी अनुरोध भइ आएको देखिन्छ। पुनः उक्त निर्देशनालयलको च.नं १२९ मिति २०७६।०७।२५ गतेको पत्रानुसार सडक सुधारको लागि विना मुआब्जा/क्षतिपूर्ति जग्गा उपलब्धताको सुनिश्चितता हालसम्म पनि प्राप्त नभएको हुँदा सडक निर्माणको लागि आवश्यक जग्गा विना मुआब्जा/क्षतिपूर्ति उपलब्धताको सुनिश्चितताका |

लागि अनुरोध भै आएको देखिन्छ। सोही निर्देशनालयको च. नं. ४७ मिति २०७७।०५।१५ गतेको प्राप्त पत्रानुसार जग्गा उपलब्ध हुने बेहोरा सुनिश्चित गरिदिन पुनः अनुरोध भै आएको देखिन्छ। यस कार्यालयको च.नं. मिति २०७७।१०।२६ गते मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयलाई मिति २०७७।१०।१४ गते बसेको कार्यपालिकाको निर्णयानुसार सो आयोजना कार्यान्वयन हुँदा लेटाङ नगरपालिकाको वडा नं. २,३,४,५ र ९ को बजार तथा बस्ती क्षेत्रमा सडक चौडाइ गर्दा बनिसकेका घर तथा अन्य संरचनाहरुमा क्षति हुने र सो क्षेत्रमा घर बनाई बसोबास गरेका नागरिकहरुले अन्यन्त्र भएका आफ्ना पैत्रिक सम्पत्तिहरु बेचबिखन तथा बैंकबाट ऋण समेत लिइ महँगो जग्गा खरीद गरी आफ्ना घर तथा संरचनाहरु निर्माण गरेको र आयोजना सञ्चालन हुँदा ती घर तथा संरचनाहरुमा क्षति पुगी नागरिकहरु बिस्थापित हुने अवस्थालाई समेत मध्यनजर गरी उक्त घर तथा संरचनाहरुमा क्षति नपुग्ने गरी लोकमार्ग निर्माण आयोजना सञ्चालन गर्नुहुनका लागि सिफारिस गरेको देखिन्छ। कार्यालयले उल्लिखित बेहोराको पत्र पठाए पश्चात मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयले बोलपत्र आह्वान गरी हाल आयोजनाको निर्माण कार्य भैरहेको छ। उक्त राजमार्गको दायाँ बायाँ जग्गा जमिन भएका नगरबासीहरुले घर निर्माण गर्ने इजाजत पत्र माग गरेको सन्दर्भमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट राष्ट्रिय राजमार्गको तथ्याङ्कको सि.नं. ९ मा NH09 को उक्त सडकको क्षेत्राधिकार (Right of Way) ५० मिटर हुने भनी उल्लेख भएको देखिएकोले घर निर्माण इजाजत दिन द्विविधा परेको, सडकको क्षेत्राधिकार ५० मिटर नै कायम गर्दा सडक दायाँ बाँयाँ जग्गा जमिन भएका नागरिकहरु मारमा पर्ने देखिएकोले निर्माण हुँदै गरेको सडकको चौडाइ कति हो? सडकको क्षेत्राधिकार कति हो? सेड ब्याक कति हो? स्पष्ट रुपमा खुलाउन सम्बन्धित आयोजना कार्यालय, निर्देशनालय, विभाग र मन्त्रालयमा माग गर्ने।

<table>
<tr><td>३</td><td>विद्युत विस्तारमा बजेट बिनियोजन।</td><td>१.वडा नं ६ भुसुनेमा बिद्युत विस्तार गर्न रू ४१४०००/- प्रदान गर्ने। (नगरस्तरीय विद्युत विस्तार तथा कार्यक्रम शिर्षकबाट)</td></tr>
<tr><td>४</td><td>खानेपानी योजनामा बजेट बिनियोजन।</td><td>
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>वडा नं</th><th>रकम</th></tr>
<tr><td>१</td><td>खैरेनी भित्तामा खानेपानी मर्मत</td><td>१</td><td>९५०००</td></tr>
<tr><td>२</td><td>जाँते खानेपानी उपभोक्ता समिति</td><td>८</td><td>१००००००</td></tr>
<tr><td>३</td><td>लेटाङ खानेपानी उपभोक्ता समिति</td><td>लेटाङ-३</td><td>१००००००</td></tr>
</table>
(नयाँ खानेपानी योजना निर्माण तथा मर्मत संम्भार बाट बिनियोजन)</td></tr>
<tr><td>५</td><td>धार्मिक पर्यटन पूर्वाधारमा बजेट बिनियोजन।</td><td>
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>वडा नं</th><th>रकम</th></tr>
<tr><td>१</td><td>किरात याक्थुङ चुम्लुङ मन्दिर निर्माण</td><td>९</td><td>१००००००</td></tr>
<tr><td>२</td><td>किरात राई यायोक्खा घेराबारा तथा गेट निर्माण</td><td>९</td><td>१००००००</td></tr>
</table>
(लोपोन्मुख पशुपंछि संरक्षण तथा धार्मिक पर्यटन पूर्वाधार निर्माण शिर्षकबाट)</td></tr>
<tr><td>६</td><td>बार्षिक कार्यतालिका सम्बन्धमा।</td><td>संलग्न अनुसूची बमोजिमको लेटाङ नगरपालिकाको बार्षिक कार्यतालिका स्विकृत गर्ने।</td></tr>
</table>